धादिङ जिल्लाबाट प्रकाशित पहिलो दैनिक जि. प्र. का. दर्ता नं. ०६/०६१/०६२ जि. हु. का. दर्ता नं. ०६/०६९/७०

प्रत्यूष
National Daily राष्ट्रिय दैनिक

ग्राहक बन्नु परेमा
पत्रिका नियमित नआएमा
ठेगाना परिवर्तन भएमा वा अन्य कुनै
गुनासो भएमा कल गर्नु पर्दैन ।

९८५११२०८५०
भाईवरमा SMS मात्र गर्नुहोस्
"हामी यता बाट कल गर्छौं"

स्क्यान गर्नुहोस्
ई-पेपर हेर्नका लागि

वर्ष २३, अङ्क ११७ ◆ २०८३ कात्तिक २६ बिहीवार ◆ Thursday, November 12, 2026 ◆ ने सं ११४७ ◆ धादिङ ◆ Pratyus National Daily ◆ पृष्ठ ४◆ मूल्य रु. ५/-

बालगोपालेश्वरको भाइटीका प्रभावित

प्रत्यूष समाचारदाता

काठमाडौँ । अकस्मातको वर्षाले काठमाडौँको रानीपोखरीस्थित बालगोपालेश्वरको भाइटीका प्रभावित भएको छ ।

बुधबार बिहानैदेखि बाल-गोपालेश्वर मन्दिमा दाजुभाई तथा दिदीबहिनी नहुनेहरुको भाइटीका लगाउने भीड थियो । अपराह्न अकस्मात पानी परेपछि मन्दिर परिसरमा टीका लगाउन असहज भएको बाल-गोपालेश्वर पुग्नुभएका भक्तजन रामजी नेपालले जानकारी दिनुभयो । वर्षा जारी रहेकाले मन्दिर परिसरमा भक्तजनको उपस्थिति पातलो देखिएको छ । दिदीबहिनी नहुनेका लागि भाइटीकाका दिन काठमाडौँको रानीपोखरीको बीचमा रहेको बालगोपालेश्वर मन्दिर खुला गर्ने प्रचलन छ । वर्षमा एकपटक भाइटीकाका दिन मात्र खुल्ने यस मन्दिरमा दिदीबहिनी वा दाजुभाइ नहुनेले पूजा, दर्शन गरी टीका लगाउने गर्छन् । बुधबार बिहानैदेखि भक्तजनका लागि बालगोपालेश्वर मन्दिर खुला गरिएको थियो । विसं २०३५ पछि रानीपोखरीभित्रको बालगोपालेश्वर मन्दिर नियमित रूपमा खुल्न थालेको हो । विसं २०७२ वैशाख १२ गतेको गोरखा भूकम्पले मन्दिर क्षतिग्रस्त भएपछि बालगोपालेश्वरमा भाइटीका प्रभावित भएको थियो । भूकम्पपछि पुनर्निर्माण गरिएको बालगोपालेश्वर मन्दिर विसं २०७७ देखि पुनः भक्तजनका लागि खुला गरिँदै आइएको छ ।

दुई पाङ्ग्रे सवारीसाधन नियन्त्रणमा

काठमाडौँ । प्रहरीले काठमाडौँका विभिन्न स्थानबाट स्वरूप परिवर्तन गरी ठूला आवाज निकाल्ने ५६ वटा दुई पाङ्ग्रे सवारीसाधन नियन्त्रणमा लिएको छ ।

जिल्ला प्रहरी परिसर काठमाडौँ तथा मातहतबाट खटिएको प्रहरी टोलीले आज ठूलो आवाज निकाल्ने ५२ वटा मोटर-साइकल र चार वटा स्कुटर गरी ५६ वटा दुई पाङ्ग्रे सवारीसाधन नियन्त्रणमा लिएको हो । चाडपर्वको समयमा सर्वसाधारण नागरिकलाई सुरक्षित, शान्त तथा भयमुक्त वातावरणमा आवागमन गर्ने व्यवस्था मिलाउने उद्देश्यले प्रहरीले सवारी जाँच तीव्र बनाएको छ । नियन्त्रणमा लिइएका सवारी साधनको आवश्यक अनुसन्धान र कारबाही प्रक्रिया अघि बढाइएको परिसरका प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो ।

सो क्रममा काठमाडौँ प्रहरीले मङ्गलबार ५२ र सोमबार २५ वटा त्यस्ता मोटर-साइकल नियन्त्रणमा लिएको थियो ।

जलवायुजन्य विपद्पछि नेपाललाई विशेष वित्तीय प्याकेज आवश्यकः अर्थमन्त्री वाग्ले



अन्ताल्या (टर्किए) । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले विपद्पछिको पुनः निर्माण तथा आर्थिक पुनरुत्थानका लागि जोखिममा रहेका मुलुकलाई अनुदान, सहुलियतपूर्ण ऋण र ऋण राहतसहितको विशेष अन्तरराष्ट्रिय वित्तीय प्याकेज आवश्यक रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी पक्ष राष्ट्रहरूको ३१औँ सम्मेलन (कोप-३१) अन्तर्गत बुधबार नेपाल पेभिलियनमा आयोजित 'विपद्को पूर्ण आर्थिक भार : जलवायुजन्य आघातपछि ऋण, ऋण मूल्याङ्कन तथा मुद्राको अवस्था र आवश्यक सहयोग प्याकेजको स्वरूप' विषयक छलफलमा उहाँले जलवायुजन्य विपद्को आर्थिक भार नेपालले एक्लै वहन गर्न नसक्ने बताउनुभयो ।

उहाँले विपद्पछिको उद्धार, राहत र पुनर्निर्माणका लागि स्रोत जुटाउन सरकारले अन्य विकास तथा सामाजिक क्षेत्रको बजेट कटौती गर्नुपरेको उल्लेख गर्दै त्यसको प्रत्यक्ष असर विद्यालय तथा अस्पताल निर्माण, सामाजिक सुरक्षा र अन्य विकासका कार्यक्रममा परेको बताउनुभयो ।

अर्थमन्त्री वाग्लेले विपद्का बेला भारत, चीन, बेलायत, अमेरिका, युरोपेली सङ्घ तथा मध्यपूर्व र खाडी क्षेत्रका मुलुकले उपलब्ध गराएको सहयोगप्रति आभार व्यक्त गर्नुभयो ।

उहाँले जलवायुजन्य क्षति तथा हानिनोक्सानी कोषबाट नेपालले पहिलोपटक करिब दुई करोड अमेरिकी डलर अनुदान प्राप्त गरेको उल्लेख गर्दै उक्त सहयोग स्वागतयोग्य भए पनि जोखिममा रहेका मुलुकको आवश्यकताको तुलनामा कोषमा उपलब्ध स्रोत निकै न्यून रहेको बताउनुभयो । नेपालको करिब ५० प्रतिशत भूभाग वनले ढाकेको छ ।

फेरिँदै देउसीभैलो खेल्ने शैली

प्रत्यूष समाचारदाता

तिहार भन्नेबित्तिकै देउसीभैलोको झल्को आउँछ । गाउँघरका आँगनमा भेला भएर मादल, भ्यालीलगायत परम्परागत बाजाको तालमा मौलिक गीत गाउँदै, नाच्दै र भट्याउँदै देउसीभैलो खेल्ने पुरानो चलन अहिले क्रमशः परिवर्तन हुँदै गएको छ ।

आधुनिक प्रविधिको प्रयोग बढेसँगै देउसीभैलो खेल्ने शैली, बाजागाजा र गीतसङ्गीतमा समेत परिवर्तन आएको हो । केही वर्षअघिसम्म लमजुङका गाउँघरमा तिहारका बेला साथीभाइ तथा युवायुवती एकै ठाउँमा भेला भएर मादल र भ्याली बजाउँदै तिहारसँग सम्बन्धित मौलिक गीत गाउने, भट्याउने र नाचगान गर्ने गर्थे । देउसीभैलो मनोरञ्जनको माध्यम मात्र नभई संस्कार, संस्कृति र परम्परालाई नयाँ पुस्तामा हस्तान्तरण गर्ने अवसरसमेत बन्ने गरेको थियो । घरघरमा पुगेर देउसीभैलो खेल्दा घरधनीले समूहलाई स्वागत गर्दै आफ्नो गच्छेअनुसार अन्न, पैसा तथा अन्य सामग्री दिने चलन थियो । देउसीभैलो खेल्ने समूहले पनि घरपरिवारको सुख, शान्ति र समृद्धिको कामना गर्दै भट्याउने तथा आशीर्वाद दिने गर्थे । यसले गाउँघरमा आपसी सद्भाव, सहयोग र आत्मीयता बढाउनसमेत योगदान पुर्याउने गरेको थियो । दोर्दी गाउँपालिकाका ७५ वर्षीय बुद्धिमान श्रेष्ठका अनुसार पहिले साथीभाइ एकै ठाउँमा भेला भएर परम्परागत बाजा बजाउँदै तिहारका मौलिक गीत गाउने र भट्याउने गरिन्थ्यो ।

देउसीभैलोमा बलिराजाको प्रसङ्ग जोडेर गीत गाउने, परम्पराको महत्व बुझाउने तथा घरपरिवारलाई सुख, शान्ति र समृद्धिको आशीर्वाद दिने चलन रहेको उहाँले बताउनुभयो । "पहिले देउसीभैलोमा आफ्नै मौलिक भाका र परम्परागत गीत गाउने चलन थियो, अहिले त्यस्तो शैली कम हुँदै गएको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार अहिले तिहारसँग सम्बन्धित मौलिक गीतभन्दा मनोरञ्जन र नाचगान लाई प्राथमिकता दिने आधुनिक गीत बढी बज्न थालेका छन् । कतिपय समूहमा विदेशी गीतको प्रभावसमेत देखिन थालेको छ ।

मादल र भ्याली बजाएर मौलिक भाकामा नाचगान गर्ने समूह कमै भेटिने गरेको उहाँको भनाइ छ । आधुनिक प्रविधिको प्रयोगसँगै देउसीभैलो खेल्ने शैलीमा आएको परिवर्तनलाई युवापुस्ताले भने सहजता र मनोरञ्जनसँग जोडेर हेर्ने गरेका छन् । मर्स्याङ्दी गाउँपालिकाका पूर्णबहादुर गुरुङका अनुसार अहिले देउसीभैलोमा डेक, उफर र माइकको प्रयोग बढेको छ । यसले गीतसङ्गीत बजाउन र सामूहिक प्रस्तुति दिन सहज बनाएको छ । पहिले मादल बजाउन जान्ने मानिस कम हुनु र युवा पुस्तामा त्यसप्रति खासै चासो नहुनु पनि परम्परागत बाजाको प्रयोग घट्नुको एउटा कारण रहेको उहाँ बताउनुहुन्छ ।

अहिले डेक र उफरबाट गीत बजाउन तथा माइक प्रयोग गर्न सहज भएकाले आधुनिक उपकरणप्रतिको आकर्षण बढेको उहाँको भनाइ छ । आधुनिक उपकरणले देउसीभैलोलाई सहज र मनोरञ्जनात्मक बनाए पनि पुराना भाका र गीतप्रति युवापुस्ताको रुचि तथा जानकारी घट्दै गएको उहाँले बताउनुभयो । मौलिकता जोगाउन युवापुस्ताले तिहारसँग सम्बन्धित परम्परागत गीत गाउने, नाच्ने र संस्कृतिको महत्त्व बुझ्न आवश्यक रहेको उहाँको भनाइ छ ।

हराउँदै रानाथारुका परम्परागत घर

प्रत्यूष समाचारदाता

कञ्चनपुर । रानाथारु समुदायको मौलिक पहिचान झल्काउने परम्परागत घर पछिल्लो समय विस्थापित हुँदै गएका छन् ।

माटो, खर र काठले आकर्षक बनाएका घर रानाथारु समुदायको पहिचान हो । घर निमार्णमा प्रयोग हुने सामग्रीले रानाथारु समुदायको मौलिक जीवनशैली, संस्कृति र रहनसहन झल्काउने गर्दथ्यो ।

तर, आजभोलि यस्ता परम्परागत घर विरलै देख्न पाइन्छ । रानाथारु समुदायमा अहिले परम्परागत घरको सट्टा पक्की घरहरु निर्माण भइरहेको कञ्चनपुरको भीमदत्त नगरपालिका-१९ बागफाँटा का राजकुमार राना बताउनुहुन्छ । "घर निमार्णका लागि ठुलठुला सालका खम्बाहरु आवश्यक हुन्छ ।", रानाले भन्नुभयो, "पहिला जस्तो जङ्गलबाट काठ ल्याउन पाइँदैन यसकारण परम्परागत घर निर्माण हुन छोडेका हुन् ।" परम्परागत घरको निर्माणमा स्थानीय स्रोतसाधन र परम्परागत सीपको प्रयोग हुने गरेको छ । घरका भित्ता, छाना, आँगन र कोठाको बनावट समेत समुदायको मौलिक विशेषता सँग जोडिएका उहाँको भनाइ छ ।

"घर निमार्णमा प्रयोग भएका काठ दश/पन्ध्र वर्षपछि किरा लागेर कुहिन सुरु हुन्छ त्यसपछि फेर्नुपर्छ ।", रानाले भन्नुभयो, "काठ पाउन मुस्किल हुने, पाइहाले पनि दश/पन्ध्र वर्षपछि फेरि अर्को ल्याउनुपर्ने झन्झटका कारण पनि अहिलेको पुस्ताले आधुनिक घर निर्माण गर्न लागेका हुन् ।"

घर मात्र नभई रानाथारु समुदायको परम्परागत पहिरन, दैनिक प्रयोगमा आउने घरमै निर्मित भाँडासमेत लोप हुँदै गएको उहाँको भनाइ छ । रानाथारु समुदायका महिलाले लगाउने परम्परागत पहिरन घगरिया, अङ्गिया, उनियाँ अहिले लोप हुँदै गएका छन् । "घर मात्रै होइन, रानाथारु समुदायका परम्परागत पहरिनसमेत लोप हुँदै गएका छन् ।" यहाँका स्थानीय सुदा रानाले भन्नुभयो, "परम्परागत पहिरन सिउने मान्छेसमेत भेटाउन गाह्रो हुन्छ ।"

उहाँका अनुसार अहिले रानाथारु समुदायको परम्परागत पहिरन शुभकार्यमा मात्रै देख्न सकिन्छ ।

रानाथारु समुदायमा आधुनिकताको प्रभाव परम्परागत घरमा मात्रै नभई यो समुदायले मनाउने पर्वमा समेत पर्न थालेको रानाथारु समुदायका अगुवा पशुराम राना बताउँछन् । "हिउँदमा तातो हुने गर्मी सिजनमा चिसो हुने परम्परागत घरको विशेषता हो ।" उहाँले भन्नुभयो, "अहिले परम्परागत घरहरु निर्माण हुँदैनन्, आधुनिकताको प्रभाव हाम्रा पर्वमा समेत परेको छ ।" उहाँले रानाथारु समुदायको महिनौँसम्म चल्ने होली, तीज लगायतका पर्व छोट्टिँदै गएको बताउनुभयो ।

महिला जस्तै पुरुषले पनि धोती र कुर्ता लगाउँथे, तर गाउँमा एक/दुई जना बुढापाका बाहेक अहिले कसैले पनि यस्तो लुगा नलगाउने उहाँको भनाइ छ । यो समुदायले प्रयोग गर्ने अन्न भण्डारण गर्नका लागि माटाबाट निर्मित भकारी लगायतका सामानहरु लोप हुँदै गएका छन् ।

पछिल्लो समय परिवारको आर्थिक अवस्था सुधार हुँदै जानु, आधुनिक सुविधा सहितका घरप्रति नयाँ पुस्ताको आकर्षण बढ्नु र परम्परागत निर्माण सामग्रीको उपलब्धता घट्नुजस्ता कारणले यस समुदायमा मौलिक घर निर्माण गर्ने चलन घट्दै गएको छ ।

राष्ट्रपति पौडेलद्वारा भाइटीका ग्रहण

काठमाडौँ । राष्ट्रपति रामचन्द्र पौडेलले यस वर्षको भाइटीका ग्रहण गर्नुभएको छ ।

राष्ट्रपति भवन शीतल निवासमा राष्ट्रपति पौडेलले बहिनी शारदा पण्डितबाट बुधबार बिहान ११ बजेर ७ मिनेटको शुभसाइतमा बुधबार बिहान विधिपूर्वक भाइटीका लगाउनुभएको हो ।

सो अवसरमा राष्ट्रपति पौडेललाई बहिनी शारदाले ओखर, बदामसहितका फलफूल र सौगात प्रदान गर्नुभयो । राष्ट्रपतिले पनि बहिनीलाई टीका लगाएर उपहार र दक्षिणा प्रदान गर्नुभएको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ । नेपाल पञ्चाङ्ग विकास निर्णायक समितिले बुधबार भाइटीकाको उत्तम साइत ११ बजेर ७ मिनेटमा रहेको जनाएको थियो । यमपञ्चकको अन्तिम दिन आज दिदीबहिनीले दाजुभाइलाई र दाजुभाइले दिदीबहिनीलाई टीका लगाउने प्रचलन छ ।



राष्ट्रपति पौडेलले यसअघि शुभदिपावलीको अवसरमा आम नागरिकहरुलाई शुभकामना दिनुभएको थियो ।

सम्पादकीय ....

तिहारपछि फर्कदै गरेका नागरिकलाई यात्राको सफलताको शुभकामना

नेपालीहरूको दोस्रो ठूलो पर्व तिहार हर्षोल्लास, उमङ्ग र आपसी सद्भावका साथ मनाएर नागरिकहरू आजदेखि पुनः आफ्नो नियमित काममा फर्किन थालेका छन्। लामो समयदेखि टाढा रहेका परिवारका सदस्य, आफन्त तथा साथीभाइसँग भेटघाट गरी खुसी साटासाट गर्ने अवसरका रूपमा रहेको तिहार पर्व सकिएसँगै गाउँघरबाट सहर तथा विभिन्न गन्तव्यतर्फ फर्किने नागरिकको चहलपहल बढ्न थालेको छ।

तिहारको अवसरमा रोजगारी, व्यवसाय, अध्ययन तथा अन्य कामको सिलसिलामा सहरमा बसोबास गर्दै आएका धेरै नागरिक आफ्नो जन्मथलो पुगेका थिए। दिदीबहिनी र दाजुभाइबीचको आत्मीयता, देउसीभैलो, दीपावली र पारिवारिक जमघटले उनीहरूको पर्वलाई विशेष बनायो। वर्षभरि व्यस्त जीवन बिताउने मानिसहरूका लागि यस्ता चाडपर्व परिवारसँग समय बिताउने र आपसी सम्बन्धलाई अझ बलियो बनाउने महत्वपूर्ण अवसर हुन्।

तर चाडपर्वको रमाइलो सकिएसँगै अब सबैलाई आफ्नो जिम्मेवारी पूरा गर्नुपर्ने समय आएको छ। कोही रोजगारीका लागि काठमाडौंलगायत विभिन्न सहर फर्किरहेका छन् भने कोही अध्ययनका लागि विद्यालय तथा कलेजतर्फ लाग्दै छन्। त्यस्तै, व्यापार व्यवसाय सञ्चालन गर्नेहरू पनि आफ्नो कर्मथलो फर्केर नियमित काममा जुट्ने तयारीमा छन्। यसरी आफ्नो घरपरिवारसँग रमाइलो समय बिताएर फर्किने सबै नागरिकको यात्रा सुरक्षित र सफल बनोस् भन्ने कामना गर्नुपर्छ।

चाडपर्वपछि घर फर्किने यात्रुको चाप बढ्ने भएकाले यातायात क्षेत्रमा विशेष सावधानी अपनाउन आवश्यक छ। यात्रुको चापलाई ध्यानमा राख्दै यातायात व्यवसायीले पर्याप्त सवारीसाधनको व्यवस्था गर्नुपर्छ। सवारी चालकले तीव्र गतिमा गाडी चलाउने, क्षमताभन्दा बढी यात्रु राख्ने तथा लापरवाही गर्ने काम गर्नु हुँदैन। यात्रुले पनि आफ्नो सुरक्षालाई पहिलो प्राथमिकता दिनुपर्छ। यात्रा गर्दा टिकट लिएर मात्र यात्रा गर्ने, अपरिचित व्यक्तिले दिएको खानेकुरा नखाने र आफ्नो सामानको सुरक्षा आफैं गर्ने बानी बसाल्नुपर्छ।

सडकको अवस्था सुधार गर्ने, यात्रुको सहजताका लागि आवश्यक व्यवस्थापन गर्ने र सम्भावित दुर्घटना न्यूनीकरण गर्न विशेष ध्यान दिनु आवश्यक छ। चाडपर्व मनाएर फर्किने क्रममा हुने सवारी दुर्घटनाले परिवारमा ठूलो पीडा निम्त्याउन सक्छ। त्यसैले चालक, यात्रु र सम्बन्धित सबै पक्ष जिम्मेवार बन्नुपर्छ।

तिहारले हामीलाई आपसी प्रेम, सद्भाव, एकता र सम्बन्धको महत्व सिकाएको छ। यही सकारात्मक सन्देशलाई आत्मसात् गर्दै अब आफ्नो काम र जिम्मेवारीमा इमानदारीपूर्वक लाग्नु आजको आवश्यकता हो। आफ्नो गाउँघर र परिवारसँग बिताएका मीठा क्षणलाई सम्झँदै नयाँ उत्साह र उमङ्गका साथ कर्मथलोमा फर्किनु सबैका लागि प्रेरणादायी कुरा हो। तिहारको बिदा सकेर आफ्नो गन्तव्यतर्फ फर्किरहेका सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूको यात्रा सुखद, सुरक्षित र सफल रहोस्। कसैले पनि यात्राका क्रममा दुःख, कष्ट र दुर्घटनाको सामना गर्न नपरोस्।

पाठक वर्गमा अनुरोध

धादिङ जिल्लाबाट प्रकाशन हुँदै आएको धादिङ जिल्लाको पहिलो राष्ट्रिय दैनिक पत्रिका **"प्रत्यूष राष्ट्रिय दैनिक** तपाईंलाई कस्तो लाग्दैछ ? तपाईहरुको सल्लाह, सुझावको लागि अपेक्षा गर्दछौं। तपाईहरुको लेख, रचना,प्रकाशन गर्नुपर्ने सूचना तथा विज्ञापन भए हामीलाई इमेल मार्फत पठाउन सक्नु हुनेछ। तपाईंहरुले पठाउनुभएको लेख रचनालाई प्राथमिकताको साथ प्रकाशन गर्नेछौं।

पत्यूष National Daily राष्ट्रिय दैनिक
नीलकण्ठ -३, धादिङबेसी,
फोन ०१०-५२१४३०,९८५११२०८५०
Email : pratyushdainik@gmail.com

जलवायु वित्त परिचालनको प्रक्रिया सरल र अनुमानयोग्य हुनुपर्छ

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रहरूको ३१औं सम्मेलन (कोप-३१) टर्किएको अन्ताल्या सहरमा जारी छ।

यही नोभेम्बर ९ देखि २० सम्म जारी सम्मेलनमा पक्ष राष्ट्रका प्रतिनिधिसँगै नेपालले आफ्नो उपस्थिति सशक्त रुपमा जनाइरहेको छ। नेपालका तर्फबाट सम्मेलनको नेतृत्व परराष्ट्रमन्त्री शिशिर खनालले गरिहनुभएको छ।

यसै सन्दर्भमा कोप-३१ मा नेपालको सहभागिता र उच्चस्तरीय कूटनीतिक सक्रियता, पर्वतीय एजेन्डालाई अन्तरराष्ट्रिय जलवायु वार्ताको केन्द्रमा स्थापित गर्ने प्रयास, जलवायु वित्तमा नेपालको पहुँच, जलवायु न्याय तथा नेपालको अन्तरराष्ट्रिय सम्बन्धका प्राथमिकताबारे रासस‌का समाचारदाता भीष्मराज ओझाले सम्मेलनस्थलमा उहाँसँग सोधपुछ गर्नुभएको कुराकानीका अंश :

▶▶ कोप-३१ मा नेपालको उपस्थिति कस्तो छ ? सम्मेलनका विभिन्न छलफल, वार्ता तथा कार्यक्रममा नेपालको सहभागिता र अहिलेसम्मको प्रगतिप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

● संयुक्त राष्ट्रसङ्घको प्रक्रिया सर्वसम्मतिमा आधारित हुन्छ। प्रत्येक राष्ट्रका आ-आफ्ना राष्ट्रिय हित तथा समूहगत स्वार्थका विषयमा छलफल हुन्छ। त्यसैले स्वाभाविक रूपमा लामो, जटिल र समय लाग्ने खालका हुन्छन्। वास्तविकतालाई स्वीकार गर्दै नेपालले पछिल्लो समय उठाएका मुद्दामा निकै सकारात्मक प्रतिक्रिया पाएका छौं।

आगामी भन्डै दुई साताको छलफलमा नेपालले हिमालसँग सम्बन्धित मुद्दा, १.५ डिग्री सेल्सियस तापक्रम वृद्धिको सीमासँग सम्बन्धित पर्वतीय अनुसन्धानको आवश्यकता, जलवायु वित्तको व्यवस्था तथा समर्पित पर्वतीय संवादका विषयमा कुनै न कुनै निर्णयमा पुग्न सकियो भने विगतका वर्षको तुलनामा त्यसलाई महत्वपूर्ण उपलब्धि मान्नुपर्छ।

▶▶ नेपालले लामो समय देखि जलवायु न्यायको मुद्दा उठाउँदै आएको छ, जलवायु वित्तको उपलब्धता र परिचालनलाई प्रभावकारी बनाउन अहिले के-कस्ता पहल भइरहेका छन् ?

● जलवायु वित्तका सम्बन्धमा मुख्यतः तीनवटा समस्या छन्। पहिलो, अन्तरराष्ट्रिय समुदायले व्यक्त गरेको प्रतिबद्धता अनुसार पर्याप्त वित्तीय स्रोत प्राप्त हुन सकेको छैन। दोस्रो, प्रतिबद्धता गरिएको रकम नै जलवायु सङ्कटको बढ्दो आवश्यकताका तुलनामा पर्याप्त छैन। त्यसैले नेपाललगायत अतिकम विकसित राष्ट्रले जलवायु वित्त कम्तीमा तीन गुणाले वृद्धि गर्नुपर्ने माग गरिरहेका छन्। तेस्रो समस्या जलवायु वित्त परिचालनको प्रक्रिया हो। यो प्रक्रिया निकै लामो, जटिल र झन्झटिलो छ। साना तथा विकासशील देशसँग परियोजना प्रस्ताव तयार पार्न आवश्यक पर्ने प्राविधिक क्षमता पनि पर्याप्त नहुन सक्छ। त्यसैले जलवायु वित्त परिचालनको प्रक्रिया सरल र अनुमानयोग्य हुनुपर्छ। नेपालजस्ता जलवायु परिवर्तनको उच्च जोखिम मा रहेका देशमा बारम्बार विपद् आइरहने भएकाले अनुकूलन र न्यूनीकरणका लागि आवश्यक स्रोत सुनिश्चित हुनुपर्छ। प्रत्येक पटक परियोजना प्रस्ताव तयार पारेर मात्र वित्त प्राप्त गर्ने अवस्था हुनुहुँदैन। जलवायु वित्त अनुदानमा आधारित हुनुपर्छ। ऋणको मात्रा घटाउनुपर्छ। अनुकूलन तथा न्यूनीकरणका लागि उपलब्ध हुने वित्तीय स्रोत अनुमान योग्य हुनुपर्छ।

▶▶ अन्तराष्ट्रिय सम्मेलन बाट प्राप्त उपलब्धि र प्रतिबद्धता लाई कार्यान्वयन गर्ने क्रममा नेपालमा कतिपय अवस्थामा सहयोग उपयोग हुन नसकी फिर्ता गएको भन्ने पनि छ।

जलवायु वित्त परिचालनका लागि आवश्यक नीति, कानुन र प्रक्रियागत सुधारमा सरकारले कत्तिको ध्यान दिएको छ ?

● पछिल्लो समय सरकार ले कानुन, नियमावली तथा निर्देशिकामा सुधार गर्दै आएको छ। विशेषगरी मन्त्रालय तथा सरकारी निकायबीचको समन्वयलाई थप प्रभावकारी बनाउनुपर्छ। नेपालमा मन्त्रालयबीचको समन्वय मात्र होइन, तीन तहका सरकारबीच सहकार्य आवश्यक छ। त्यसैले अन्तर्निकाय सहकार्य र समन्वयलाई अझ सुदृढ बनाउनुपर्ने आवश्यकता हामीले महसुस गरेका छौं।

▶▶ हालैको भोटेकोशी विनाशकारी विपद्पछि नेपालले ठूलो मानवीय तथा भौतिक क्षति व्यहोरेको छ। पुनर्निर्माणका लागि आवश्यक स्रोत र अन्तरराष्ट्रिय जलवायु वित्तको उपलब्धतालाई कसरी हेर्नुभएको छ ?

● तपाईंलाई थाहै छ, यस विपद्मा एक हजार ४६० भन्दा बढी मानिसले ज्यान गुमाएका छन्। पाँच हजार जना अझै बेपत्ता छन्। दशौं हजार मानिस प्रभावित छन्। सडक, पुल तथा जलविद्युत् आयोजनामा क्षति पुगेको छ। अहिले नेपाल पुनःस्थापनाको चरणमा छ। विपद्पछिको आवश्यकता मूल्याङ्कन हुदैछ। प्रारम्भिक प्रतिवेदनअनुसार पुनर्निर्माणका लागि करिब पाँच अर्ब अमेरिकी डलर आवश्यक पर्ने देखिएको छ।

सरकार तत्काल उद्धारको चरण पार गरेर राहत तथा पुनःस्थापनाको काममा लागेका छ। प्रभावितका लागि अस्थायी आवासको व्यवस्था गर्ने, सडक तथा पुल पुनः सञ्चालनमा ल्याउने काम भइरहेको छ। सुरक्षित पुनर्निर्माणका लागि ठूलो स्रोत आवश्यक पर्छ। आपत्कालीन सहयोग उपलब्ध गराउन पर्याप्त रूपमा सक्षम नरहेको महसुस गरेका छौं। हानी तथा नोक्सानी कोषले सहयोग गर्ने प्रारम्भिक निर्णय गरेको छ। त्यसैले प्रभावित समुदायको पुनःस्थापना, जलविद्युत् आयोजना, सडक तथा पुलको पुनर्निर्माणका लागि थप अन्तराष्ट्रिय सहयोग आवश्यक छ।

▶▶ पर्वतीय समुदायले जलवायु परिवर्तनका कारण भोगिरहेको सङ्कटलाई अन्तरराष्ट्रिय जलवायु वार्तामा स्थापित गर्न नेपालले के पहल गरिरहेको छ ?

● कोप प्रक्रियामा साना टापु राष्ट्रले जलवायु परिवर्तनका कारण सामना गरिरहेको अस्तित्व को सङ्कटलाई उचित रूपमा मान्यता दिइँदै आएको छ। समुद्री सतह बढ्दा ती राष्ट्रको अस्तित्वमै खतरा उत्पन्न भइरहेको छ। तर पर्वतीय समुदाय पनि यस्तै अस्तित्वको सङ्कटमा छन्। अगस्ट २६ मा भएको विपद्ले पनि यो वास्तविकता लाई स्पष्ट पारेको छ। नेपाल र भुटानले पर्वतीय एजेन्डालाई कोपको औपचारिक कार्यसूचीमा समावेश गर्न प्रस्ताव गरेका छन्। पछि किर्गिजस्तान पनि यस विषयमा जोडियो। वार्ताका क्रममा तीनवटै देश एकै ठाउँमा आएर पर्वतीय एजेन्डालाई अगाडि बढाउने प्रयास गरेका छन्। यसपटक नयाँ कार्यसूचीका रूपमा उक्त प्रस्ताव पूर्ण रूपमा समावेश हुन सकेको छैन। कोपको आयोजक तथा वार्ता प्रक्रियाको अध्यक्षताले आगामी दुई सातासम्म हामीसँग सहकार्य गर्ने आश्वासन दिएका छन्। औपचारिक कार्यसूची मा समावेश नभए पनि हामीले उठाएका मूल मुद्दालाई मान्यता दिने र कोपका अन्तिम निर्णयमा समेट्ने विषयमा छलफल भइरहेको छ। पर्वतीय क्षेत्रको वास्तविक अवस्था बुझ्न विस्तृत अध्ययन तथा अनुसन्धान गर्नु हो। विशेषगरी माथिल्लो हिमाली क्षेत्रमा विश्व



शिशिर खनाल
परराष्ट्रमन्त्री

व्यापी तापक्रम वृद्धिका कारण हिउँ तथा हिमनदी पग्लिने र बरफ पग्लिँदै जाँदा त्यसले पार्ने प्रभावबारे पर्याप्त जानकारी आवश्यक छ। यसले अनुकूलन तथा न्यूनीकरणका प्रभावकारी नीति निर्माण गर्न सहयोग पुऱ्याउँछ। त्यसैगरी पर्वतीय क्षेत्र तथा त्यहाँका समुदायका लागि छुट्टै कार्यकार्यक्रम र समर्पित वित्तीय स्रोतको व्यवस्था हुनुपर्छ।

▶▶ पर्वतीय एजेन्डालाई कोपको अन्तिम निर्णयमा समावेश गराउने सम्भावनालाई कसरी हेर्नुभएको छ ?


● आगामी दुई साताको छलफलमा पर्वतीय मुद्दा, हिमाली क्षेत्रमा भइरहेको परिवर्तनसम्बन्धी अनुसन्धान, जलवायु वित्तको प्रभावकारी व्यवस्था तथा समर्पित पर्वतीय संवादका विषयमा कुनै न कुनै निर्णयमा पुग्न सकियो भने त्यो हाम्रा लागि महत्वपूर्ण उपलब्धि हुनेछ। नेपालका तर्फबाट पर्वतीय एजेन्डालाई निरन्तर जीवित राख्नेछौं।

▶▶ अन्त्यमा, कोप-३१ मा नेपालको सहभागिता र यहाँ भइरहेका वार्ताबारे केही थप भन्न चाहनुहुन्छ ?

● कोपको प्रक्रिया बुझ्केर मात्र समाचार सम्प्रेषण गरिदिनुहोला। कुनै विषयमा तत्काल सहमति हुन सकेन भन्दैमा केही पनि भएन वा सम्मेलनबाट कुनै उपलब्धि हासिल भएन भन्ने ढङ्गले समाचार सम्प्रेषण हुनुहुँदैन। कोपको प्रक्रिया, वार्ताको वास्तविकता, तथ्य र त्यससँग जोडिएका परिवेशलाई बुझेर समाचार सम्प्रेषण गर्न आवश्यक छ। नेपालले उठाएका मुद्दा स्थापित गर्न भइरहेका प्रयास, त्यसका चुनौती र प्राप्त सकारात्मक सङ्केतलाई समेत समेटेर समाचार सम्प्रेषण गरिदिन सञ्चारकर्मी साथीहरूलाई आग्रह गर्दछु।

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार,
विज्ञापन बोर्ड

बालगृहका बालबालिकाले सामूहिक रूपमा मनाए भाइटीका



म्याग्दी । यमपञ्चकको पाँचौं तथा अन्तिम दिन बुधबार म्याग्दीको बेनीस्थित बालगृहमा आश्रित बालबालिकाले सामूहिक रूपमा भाइटीका लगाएर तिहार मनाएका छन् ।

नेपाल बाल सङ्गठन म्याग्दी ले सञ्चालन गरेको बालगृह मा र हेका बालबालिकाले एक अर्कालाई टीका र माला लगाइदिएर भाइटीका मनाएका हुन् । बाल बालिकालाई तिहारमा एक्लोपन महसुस हुन नदिन सामूहिक भाइटीका कार्यक्रम आयोजना गरिएको नेपाल बाल सङ्गठन म्याग्दीका सभापति राजेश शाक्यले जानकारी दिनुभयो । बालगृहमा हाल नौ जना बाल-बालिका आश्रित छन् । अभिभावक विहीन बालबालिकालाई आश्रय दिनुका साथै माध्यमिक तहसम्मको शिक्षाको व्यवस्था गरिएको उहाँले बताउनुभयो । सभापति शाक्यले व्यक्तिगत रूपमा पूजा सामग्री, मिठाई तथा अन्य परिकारको व्यवस्था गरी बालगृहमा भाइटीका कार्यक्रम आयोजना गर्नुभएको हो । विगत चार वर्षदेखि हरेक तिहारमा बालगृहमा सामूहिक भाइटीका कार्यक्रम आयोजना हुँदै आएको छ ।

कृषि पढेका युवाले गरे एघार क्विन्टल फूल उत्पादन



बाँके । कृषिमा स्नातक पढ्दै गरेका तीन युवाले नेपालगन्जमा व्याव-सायिक फूलखेती गरेर तिहारका लागि ११ क्विन्टल फूल उत्पादन गरेर बेचबिखन गरेका छन् । त्यसबाट उहाँहरूले फूल बिक्री गरेर रु चार लाखभन्दा बढी आम्दानी गर्नुभएको छ ।

मध्यपश्चिम विश्वविद्यालय अन्तर्गतको कृषि विषयमा स्नातक पढ्दै गरेका नेपालगन्ज उपमहानगर पालिका-१९ का वेदराज आचार्य, चेतन केसी र कोहलपुर-११ का असिम सिग्देलले १० कट्ठा जग्गामा सामूहिक फूलखेती गरेर सो रकम आर्जन गरेका हुन् । उहाँहरूले उत्पादन गर्नुभएको सबै फूल बिक्री भइसकेको छ ।

नेपालगन्ज-१९ स्थित फुटाहा गाउँमा फिट फार्मअन्तर्गत १० कट्ठा जग्गामा लगाइएको ११ क्विन्टल फूल उत्पादन गरेर रु चार लाखभन्दा बढी आम्दानी भएको युवा व्यावसायी असिम सिग्देलले जानकारी दिनुभयो ।

सो अवसरमा उहाँले आफूहरूले उत्पादन गरेको सबै फूल सकिएपछि पनि फूलको माग नसकिएकाले पहिलेदेखि बुकिङ गरेकाहरूलाई मात्र उपलब्ध गराउन दाङबाट थप दुई क्विन्टल फूल झिकाएर बिक्री गरेको उल्लेख गर्नुभयो ।

फूलखेतीबाट तिहारको खर्च जुटेको बताउँदै व्यावसायी सिग्देलले यसपटकको अनुभवबाट आगामी वर्ष फूलखेती बढाएर दोब्बर गर्ने योजना पनि सुनाउनुभयो । उहाँले यसपटक आफूहरूलगायत अन्य युवाले विभिन्न ठाउँमा गरेको फूलखेतीबाट भारतबाट आयात हुने फूललाई पूर्ण रूपमा विस्थापित गर्न सफल भएको बताउनुभयो । अर्का व्यवसायी चेतन केसीले भाइटीका अघि नै उत्पादन गरेको सबै ११ क्विन्टल फूल बिक्री भइसकेको बताउँदै स्थानीयले फूलका लागि थप माग गरेपछि दाङबाट दुई क्विन्टल फूल ल्याएर बेचेको उल्लेख गर्नुभयो ।

सो क्रममा उहाँले यसपटक बुटवल, दाङ, काठमाडौँ र सुर्खेतलगायत जिल्लाबाट समेत फूलको माग आएकाले त्यता पनि पठाइएको बताउनुभयो ।

अर्का व्यवसायी वेदराज आचार्यले थोरै मिहेनत र लगानीबाट पनि राम्रो प्रतिफल हासिल गर्न सकिन्छ भन्ने कुरा फूलखेतीले प्रमाणित गरेको बताउनुभयो । उहाँले रु ४०० किलो फूल बिक्री गरेको जनाउँदै अझै पनि माग भइरहेको सुनाउनुभयो ।

बाँकेमा यस वर्ष करिब १३ बिघा क्षेत्रफलमा व्यावसायिक फूलखेती गरिएको फ्लोरी कल्चर एसोसिएसन नेपाल बाँकेले जनाएको छ । जिल्लाको नरैनापुर, खजुरा, नेपालगन्ज र कोहलपुरमा किसानले व्यावसायिक रूपमा फूलखेती गरेको एसोसिएसनकी केन्द्रीय सदस्य तथा नेपालगन्जकी पुष्प व्यवसायी बिन्दु घर्तीमगरले बताउनुभयो ।

उहाँका अनुसार जिल्लामा यस वर्ष सयपत्री, कलकत्ते र आगा ३५५ जातका फूलको खेती गरिएको छ । पहिलोपटक यस वर्ष भारतीय फूल आयात रोक्न धेरै हदसम्म सफलता मिलेको छ ।

फूलखेती गरेका किसानले नेपालगन्जको त्रिभुवनचोक, धम्बोझीचोक र कोहलपुरका विभिन्न स्थानमा फुटकर बिक्री केन्द्र खोलेर फूल बिक्री गरेका थिए ।

रसुवाको 'नागथली' पर्यटकका लागि आर्कषक केन्द्र

रसुवा । 'नागथली' आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षक गन्तव्यका रूपमा विकसित हुँदै गएको छ ।

रसुवाको नागथली समुद्री सतहबाट तीन हजार १६५ मिटरको उचाइमा रहेको छ । गोसाइँकुण्ड गाउँपालिका-१, थुमनमा पर्ने यो क्षेत्र प्राकृतिक सौन्दर्य, धार्मिक आस्था र जैविक विविधताको सङ्गम मानिन्छ । स्थानीय भाषामा 'नगथली' भनेर चिनिने यो स्थान हाइकिङ र हिमाली दृश्यावलोकनका लागि उपयुक्त मानिन्छ ।

गुम्बानजिकै नागको थान रहेकाले यस ठाउँको नाम 'नागथली' रहन गएको स्थानीय बासिन्दाको भनाइ छ । प्राचीन कालमा गुरु रिम्बोर्छेले यस क्षेत्रमा तपस्या गरी गुम्बा निर्माण गरेको जनविश्वास छ। गुम्बाभित्र भगवान् बुद्ध, चेरेसी र गुटासिङतोङका मूर्तिहरू रहेका छन् ।

चन्द्रपात्रोअनुसार प्रत्येक वर्ष वैशाख र असोज महिनाको पूर्णिमाका दिन यहाँ विशेष पूजाआजासहित मेलालाग्ने गर्दछ। मुख्य गुम्बाको उत्तर-पश्चिम कुनामा अर्को गुम्बा तथा विभिन्न धार्मिक एवं ऐतिहासिकस्थल रहेका छन् । यस क्षेत्रमा गुरु रिम्बोर्छेको पैतालाको डोब, पाप र धर्म छुट्याउने विश्वास गरिएको सुरुङ, 'खण्डोमो क्षाम्सा' (देवी नाच्ने थान) र प्राचीन ढुङ्गे गुफा अवलोकन गर्न सकिन्छ । साथै, गुरु रिम्बोर्छेले मन्त्रद्वारा निकालेको भनिएको कहिल्यै नसुक्ने सानो पानीको मुहानलाई स्थानीय तथा भक्तजनले पवित्र जलका रूपमा प्रयोग गर्दै आएका छन् ।

नागथलीबाट गगनचुम्बी हिमशृङ्खला र हिमनदी (ग्ल्यासियर) को मनमोहक दृश्य अवलोकन गर्न सकिन्छ । पदमार्गको छेउछाउमा बग्ने नदी, विभिन्न प्रजातिका लालीगुँरास, माने, छुर्तेन र फराकिला खर्कमा चरिरहेका याक, चौँरी गाई तथा भेडाका बथान यहाँका मुख्य आकर्षण हुन् ।

यस क्षेत्रको वनजङ्गलमा हिमचितुवा, घोरल, थारल, भालु, बँदेल र लङ्गुर बाँदरलगायतका लोपोन्मुख वन्यजन्तु पाइन्छन् । नागथलीबाट करिब दुई घण्टाको पैदलयात्रामा 'तरुचे' पुग्न सकिन्छ। तरुचेबाट छिमेकी मुलुक चीनतर्फका ठोङ्सा, नेस्यारगाउँ र च्याङगाउँ वरपरका भूभागहरू स्पष्ट देख्न सकिन्छ। यस्तै, नागथलीबाट करिब एक दिनको पैदलयात्रामा गणेश हिमालको फेँदीसम्म पुग्न सकिन्छ । यस क्षेत्रको ऐतिहासिक 'माला गढी' पनि पर्यटकका लागि अर्को आकर्षणको केन्द्र बनेको छ । नागथली पुग्नका लागि सामान्य अवस्थामा पासाङल्हामू राजमार्गको स्याफ्रुबेँसी-टिमुरे खण्डमा पर्ने रोङ्गबाट मेन्दो र थुमन गाउँ हुँदै जान सकिन्छ । थुमन गाउँबाट करिब चार घण्टाको ठाडो उकालो चढेपछि नागथली पुगिन्छ ।

यसैगरी, 'तामाङ सम्पदा मार्ग'अन्तर्गत स्याफ्रुबेँसीबाट गोल्जुङ, गतलाङ र चिलिमे (तातोपानी) हुँदै नागथली पुग्ने अर्कामार्ग रहेको छ । यद्यपि, गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले सडक सञ्जाल बगाएपछि करिब साढे दुई महिनासम्म यस क्षेत्रको आवागमन पूर्ण रूपमा बन्द भएको थियो । हालै स्थानीय बासिन्दाको श्रमदान बाट भोटेकोशी नदीमा काठेपुल निर्माण गरिएपछि आवतजावत पुनः सुरु भएको छ । सडक सञ्जाल अवरुद्ध भएका कारण हाल पर्यटकले स्याफ्रुबेँसीदेखि नै पैदलयात्रा (हाइकिङ) गरेर नागथली पुग्नुपर्ने अवस्था रहेको छ । तिब्बती, शेर्पा र तामाङ समुदायको मौलिक संस्कृति, भेषभूषा र रहनसहन यहाँको अर्को विशेषता हो । पर्यटकको आगमन बढेसँगै यस क्षेत्रमा पूर्वाधार र आतिथ्यताको सुविधासमेत विस्तार हुँदै गएको गोसाइँकुण्ड गाउँपालिका-१ का वडाध्यक्ष उर्केन लामा बताउनुहुन्छ। वडाध्यक्ष लामाका अनुसार पर्यटकको सहजताका लागि वडा कार्यालयबाट बजेट तथा आवश्यक योजना बनाएर व्यवस्थापन गरिएको छ । "पहिले यहाँ एउटा मात्रै होटल थियो, अहिले पर्यटकको चाप बढेसँगै करिब छ वटा होटल तथा लजहरू सञ्चालनमा आइ सकेका छन्", वडाध्यक्ष लामाले भन्नुभयो, "बाढीले सडक बगाए पनि स्थानीयको श्रमदानमा काठेपुल बनेपछि अहिले स्याफ्रुबेँसीदेखि नै हाइकिङ गर्दै आउने पर्यटकका लागि बाटो खुलेको छ ।"

यस्तै, रसुवा-नुवाकोट पर्यटन समाजका अध्यक्ष बलराम न्यौपाने नागथली पदयात्रा र सांस्कृतिक पर्यटनका लागि उत्कृष्ट गन्तव्य भएको बताउनुहुन्छ । अध्यक्ष न्यौपानेले भन्नुभयो, "काठमाडौँबाट नजिकै रहेर पनि हिमाली जनजीवन, चौँरी खर्क, लालीगुँरास र चीनको सीमावर्ती क्षेत्रको दृश्यावलोकन एकैसाथ गर्न पाइने भएकाले नागथलीको प्रवर्द्धनमा पर्यटन समाजले विशेष जोड दिएको छ । स्थानीयको श्रमदानमा काठेपुल बनेसँगै अहिले पदयात्रीका लागि यो मार्ग झनै रोमाञ्चक बनेको छ ।

नवलपुरमा २०४ उद्योग थपिए

नवलपुर । नवलपरासी (बर्दघाट-सुस्तापूर्व) मा चालु आर्थिक वर्ष २०८३/८४ मा २०४ वटा नयाँ उद्योग तथा वाणिज्य फर्म थपिएका छन् । यही कात्तिक १३ गतेसम्म जिल्लामा ९२ वटा नयाँ उद्योग तथा ११२ वटा नयाँ वाणिज्य फर्म दर्ता भएका हुन् ।

एकीकृत सेवा कार्यालय कावासोती कार्यालयका सूचना अधिकारी ज्ञानप्रसाद भुसालका अनुसार जिल्लामा उद्योगतर्फ ९२ वटा नयाँ उद्योग दर्ता हुँदा ६२ वटा उद्योगको लगत कट्टा (बन्द) गरिएको छ । त्यस्तै यस अवधिमा जिल्लामा ४९७ वटा उद्योगहरू नवीकरण गरिएका उहाँले जानकारी दिनुभयो । कात्तिक १३ गतेसम्म जिल्लामा ४४ उद्योगले संशोधन (उद्योगको पुरानो दर्ताको नाम तथा पुँजी सहितका विवरण परिवर्तन) गरेका छन् ।

त्यसैगरी, जिल्लामा साढे तीन महिनाको अवधिमा ११२ वटा नयाँ वाणिज्य फर्म थपिँदा १११ वटा फर्मले लगत कट्टा गरेका सूचना अधिकारी भुसालले जानकारी दिनुभयो । यस अवधिमा जिल्लामा ६५० वटा वाणिज्य फर्महरू नवीकरण गरिएका छन् । साठीवटा वाणिज्य फर्मले संशोधन गरेका छन् । उद्योगतर्फ असोजमा ३३, भदौमा २९, साउनमा २३ तथा कात्तिकमा सातवटा नयाँ उद्योग दर्ता भएका थिए । त्यस्तै वाणिज्य फर्मतर्फ साउन र भदौमा समान ३८, असोजमा २६ तथा कात्तिकमा १० वटा नयाँ वाणिज्य फर्म दर्ता भएका थिए । कार्यालयको तथ्याङ्क अनुसार जिल्लामा हाल ६ हजार ७९९ वटा उद्योग रहेका भन्दै सूचना अधिकारी भुसालले साना उद्योग सबैभन्दा बढी पाँच हजार ८८६ वटा रहेका जानकारी दिनुभयो । त्यस्तै, घरेलु उद्योग ८९९, लघु उद्योग १३ तथा मझौला उद्योग एउटा रहेको उहाँको भनाइ छ । जसमध्ये सातवटा पब्लिक लिमिटेड, १९७ वटा साझेदारी उद्योग, ३२१ वटा प्राइवेट कम्पनी एवं छ हजार २७३ वटा निजी फर्म रहेका छन् । जिल्लामा कृषि तथा वन पैदावारमा आधारित उद्योगको सङ्ख्या दुई हजार ९४०, दुई हजार ६०० वटा सेवामूलक उद्योग, एक हजार २९ वटा उत्पादनमूलक उद्योग, १२४ वटा ऊर्जामूलक उद्योग, ३७ वटा निर्माण उद्योग, २४ वटा सूचना तथा प्रविधिमा आधारित उद्योग, १६ वटा पर्यटन उद्योग एवं आठवटा खनिज उद्योग रहेका सूचना अधिकारी भुसालले जानकारी दिनुभयो । हालसम्म आठ ६१३ वटा वाणिज्य फर्महरू कायम रहेका छन्। यसमध्ये आठ हजार ५२३ वटा एकलौटी वाणिज्य फर्म तथा ९० वटा साझेदारी फर्म रहेका छन्। जिल्लामा कायम रहेका वाणिज्य फर्ममध्ये आयातनिर्यात व्यापारसम्बन्धी उद्देश्य बोकेका एक-एकवटा रहेका छन्। आठ हजार ६११ वटा वाणिज्य फर्मको उद्देश्य स्थानीय व्यापार रहेको छ । त्यस्तै १८१ वटा फर्मले थोक व्यापार र आठ हजार ४३२ वटा फर्मले खुद्रा कारोबार गर्नेगरी दर्ता भएका छन् ।

अधुरो हुलाकी सडक निर्माण प्रक्रिया सुरु

राँझा (बाँके) । बाँके र दाङको सीमावर्ती क्षेत्रमा अधुरो रहेको ५८ किलोमिटर हुलाकी सडकको निर्माण प्रक्रिया सुरु भएको छ ।

हुलाकी सडक निर्देशना-लयले उक्त खण्डमा सडक तथा पुल निर्माणका लागि कुल रु पाँच अर्ब ६० करोडबराबरको बोलपत्र आह्वान गरी निर्माण प्रक्रिया अघि बढाएको हुलाकी सडक आयोजना कार्यालय नेपालगन्जका आयोजना प्रमुख लिलाबहादुर भण्डारीले जानकारी दिनुभयो ।

उहाँका अनुसार बाँके र दाङको अधुरो क्षेत्रलाई दुई भागमा बाँडेर ठेक्का लगाइएको छ । यसअनुसार बाँकेको राप्ती सोनारी-३ नारायणपुरदेखि दाङको सीमाक्षेत्र हाटबाससम्मको ३६ किलोमिटर सडक निर्माणको जिम्मा कन्काई खड्का जेभी कम्पनीले पाएको छ। उक्त कम्पनीले रु दुई अर्ब दुई करोडमा ठेक्का पाएको हो ।

त्यस्तै, हाटबासदेखि दाङको राजपुर गाउँपालिकास्थित गँगदी सम्मको २२ किलोमिटर सडक निर्माण गर्न रु एक अर्ब ५१ करोडमा हिम सगरमाथा पशुपति जेभी छनोट भएको छ । यसैगरी यस खण्डमा पर्ने १६ वटा पुल निर्माणका लागि पनि ठेक्का सम्झौता भइसकेको छ। दाङ र बाँके खण्डका १२ वटा पुल निर्माणको लागि रु एक अर्ब तीन करोडमा नारायणम निर्माण सेवाले ठेक्का पाएको छ ।

बाँकी दाङको राजपुरस्थित गँगदीदेखि हाटबास खण्डका चारवटा पुल रु ४६ करोड ३५ लाखमा निर्माण गर्ने जिम्मा भैरव कन्स्ट्रक्सन कम्पनीले पाएको हुलाकी सडक आयोजना कार्यालय नेपाल गन्जका आयोजना प्रमुख भण्डारीले जानकारी दिनुभयो । "पुल निर्माणको ठेक्का पाएका कम्पनीहरूले सम्झौता गरेर कार्यक्षेत्रमा कामसमेत थालिसकेका छन्, अहिले फिल्डमा सर्भे र माटो परीक्षणसम्बन्धी काम गरिरहेका छन्", आयोजना प्रमुख भण्डारीले भन्नुभयो, "सडक निर्माणतर्फ भने भर्खरै आशयको सूचना प्रकाशित भएकाले तिहार लगत्तै निर्माण कम्पनीहरूसँग औपचारिक सम्झौता हुनेछ ।"

ठेक्का सम्झौता भएका कम्पनीहरूले हुलाकी सडकको सम्पूर्ण काम आगामी तीन वर्षभित्र सम्पन्न गरिसक्नुपर्नेछ । यो सडक 'अस्फाल्ट' प्रविधिमा दुई लेनको उच्च गुणस्तरीय बन्नेछ । आवश्यक स्थानमा नाला, कल्भर्ट र पर्खाल लगायतका संरचना पनि निर्माण गरिने भएका छन् ।

अबको तीन वर्षभित्रमा बर्दियाको सतिघाट पुलदेखि दाङको कालाकाँटेसम्म हुलाकी सडकको सम्पूर्ण काम पूरा हुनेछ", आयोजना प्रमुख भण्डारीले भन्नुभयो, "यसले जनतालाई आवतजावतमा धेरै नै सहज बनाउने छ ।"

बाँकेको राप्ती सोनारी गाउँपालिका-१ स्थित राप्तीपारिका भम्का, अमुवा, तितिनघारी, भवानियापुर, खुटी, चुनाहा, सुनखरे, खोकरी तथा दाङको हाटबाससहित दर्जनभन्दा बढी गाउँबाट राजमार्ग पुग्न राप्ती नदीमा पक्की पुल छैन ।

पटाका पड्काउँदा ऐतिहासिक सम्पदामा जोखिम हुनसक्ने

ख्वप (भक्तपुर) विश्वसम्पदा सूचीमा सूचीकृत भक्तपुरको टौमढीस्थित पाँचतल्ले मन्दिर परिसरमा पटाका पड्काउँदा ऐतिहासिक सम्पदा र मानव स्वास्थ्यमा जोखिम बढेको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका छन्।

न्हुदँया भिन्तुना च्याली (नयाँ वर्ष नेपाल सम्वत् ११४७ को शुभकामना रयालीका) सहभागी तथा आन्तरिक पर्यटकले मङ्गलबार राति करिब ८ बजेदेखि मध्यरातिसम्म टौमढी क्षेत्रमा सयौँको सङ्ख्यामा पटाका पड्काएका थिए।

पटाकाबाट निस्किएको आगोको झिल्कोले ऐतिहासिक मन्दिर तथा पुराना संरचनामा आगलागी हुनसक्ने जोखिमसमेत बढाएको भन्दै स्थानीयले चिन्ता व्यक्त गरेका हुन्।

सयौँ वर्ष पुराना काठका संरचना रहेको पाँचतल्ले मन्दिर परिसरमा यसरी खुला रूपमा बारुदजन्य पटाका पड्काउँदा मन्दिरमा आगालागि हुन सक्ने स्थानीयको भनाई हो।

स्थानीय केपी छुस्याकीले सामाजिक सञ्जाल फेसबुकमा पटका पडकाएको फोटो भाइरल भएपछि लेखेका छन्, सांस्कृतिक चेतना र नागरिक जिम्मेवारी गुमाउँदा मानिसमा विवेक हराउने रहेछ। उहाँले भव्य काठका संरचनाको बीचमा बारुदसँग खेल्नु सांस्कृतिक धरोहरमाथिको जोखिम पूर्ण व्यवहार भएको फेसबुकमार्फत उल्लेख गर्नुभएको छ।

त्यस्तै, अनिल पाउँले टौमढीमा पटाका पड्काउने व्यक्ति वा समूहको पहिचान गरी सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोका आधारमा सम्बन्धित निकायले कारबाही गर्नुपर्ने माग गर्नुभएको छ।

मङ्गलबार राति टौमढी क्षेत्रमा पटाका पड्काइएको घटनाको प्रत्यक्षदर्शी रासस कर्मी त्यहाँ स्थलगत रिपोर्टिगमा पुग्दा पटाकाको ठूलो आवाज र धुवाँका कारण आसपास का सर्वसाधारणलाई सास्ती भएको थियो।

पटाकाबाट निस्किएको धुवाँका कारण श्वास फेर्न कठिन भएको थियो। पटाका पड्काउने क्रममा रकेट पटाका माथि जान नसकी बच्चा बोकेकी एक महिलाको खास्टोमा अड्किएको घटनासमेत प्रत्यक्ष देखिएको थियो।

समयमै ध्यान दिइएकाले सम्भावित आगलागी र दुर्घटना हुनबाट जोगिएको थियो। उक्त पटाका मन्दिरको पुरानो तथा मक्किएको काठमा परेको भए ठूलो क्षति हुनसक्ने अवस्था रहेको प्रत्यक्षदर्शीको भनाइ छ। घटनास्थल मा सुरक्षाकर्मीसमेत उपस्थित थिए। पटाका पड्काउन रोक्न आग्रह गर्दा एक सुरक्षाकर्मीले आफू सङ्ख्यामा कम र पटाका पड्काउने धेरै भएकाले नियन्त्रण गर्न कठिन भएको बताउनुभएको थियो।

उहाँका अनुसार प्रहरीले दसैँदेखि नै पटाका नपड्काउन सार्वजनिक सूचना प्रवाह गर्दै आएको थियो। केही व्यक्तिलाई नियन्त्रणमा समेत लिएको छ।

विश्वसम्पदा क्षेत्रमा पर्ने ऐतिहासिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गर्नु राज्यको मात्र नभई नागरिकको पनि जिम्मेवारी हो। पर्व तथा उत्सव मनाउने नाममा अरूको स्वास्थ्य, सार्वजनिक सुरक्षा र ऐतिहासिक सम्पदालाई जोखिममा पार्ने गतिविधि रोक्न स्थानीय सरकार, प्रहरी प्रशासन, जनप्रतिनिधि तथा नागरिक सबै जिम्मेवार हुनुपर्ने स्थानीयको भनाइ छ। टौमढीका स्थानीयबासी सत्य शर्माले पटाकाको चर्को आवाज र धुवाँका कारण टौमढी तथा आसपासका स्थानीयवासी प्रभावित भएको बताउनुभयो। राति अबेरसम्म निरन्तर पटाका पड्काइँदा स्थानीय वासीले सुत्न नपाएको उहाँले गुनासो गर्नुभयो। चाडपर्व मनाउने नाममा गरिएको यस्तो गतिविधिले बाल-बालिका, ज्येष्ठ नागरिक तथा बिरामीलाई थप समस्या परेको स्थानीयको भनाइ छ।

पटाकाको आवाजले शान्त वातावरणमा असर पुऱ्याउनुका साथै धुवाँले घरभित्रै बस्न असहज बनाएको थियो। पटाका पड्काउँदा निस्कने धुवाँमा सूक्ष्म कण (पीएम २.५), सल्फर डाइअक्साइड तथा विभिन्न धातुका कण हुन सक्छन्। यस्ता प्रदूषक श्वासप्रश्वास प्रणालीमा प्रवेश गर्दा आँखा, नाक र घाँटीमा जलन, खोकी, दम तथा अन्य श्वास-प्रश्वाससम्बन्धी समस्या निम्त्याउन सक्छन्। बालबालिका, ज्येष्ठ नागरिक, गर्भवती महिला तथा श्वासप्रश्वास र मुटुसम्बन्धी समस्या भएका व्यक्तिमा यसको असर बढी पर्न सक्छ। यसका साथै विश्व सम्पदा सूचिमा विश्वप्रसिद्ध पाँचतल्ले मन्दिरका काठमा आगोको झिल्का परेर आगलागी भए त्यसको जिम्मेवारी कसले लिने भन्ने प्रश्नले धेरैलाई गम्भीर बनाएको छ।

विश्व स्वास्थ्य संगठनका अनुसार सूक्ष्म कणसहितको वायु प्रदूषणको दीर्घकालीन सम्पर्कले फोक्सोको क्यान्सरलगायत गम्भीर स्वास्थ्य समस्या निम्त्याउन सक्छ।

पटाकाबाट निस्कने धुवाँमा रहेका केही विषाक्त पदार्थ तथा धातुका कणले पनि स्वास्थ्य जोखिम बढाउन सक्छन्। यद्यपि एकपटक पटाकाको धुवाँमा पर्दैमा क्यान्सर हुन्छ भन्ने होइन, जोखिम मुख्यतः प्रदूषणको मात्रा, सम्पर्कको अवधि र दोहोरिने अवस्थासँग सम्बन्धित हुन्छ। यस विषयमा बुधबार भएको तिहारको अन्तिम दिन भएकाले यसपछि भने यस्तै घटना नदोहोसिओस् भनेर सबैले अपेक्षा गरेका छन्।

पोखरामा लक्ष्यभन्दा बढी राजस्व सङ्कलन

पोखरा। आन्तरिक राजस्व कार्यालय पोखरामा लक्ष्यभन्दा १३ प्रतिशत बढी रकम सङ्कलन भएको छ।

चालु आर्थिक वर्षको असोज मसान्तसम्म कार्यालयले रु एक अर्ब ५१ करोड २७ लाख ७६ हजार राजस्व जम्मा गर्ने लक्ष्य थियो। उक्त अवधिमा लक्ष्यभन्दा बढी रु एक अर्ब ७१ करोड ५७ लाख ९८ हजार राजस्व जम्मा गर्न सफल भएको आन्तरिक राजस्व कार्यालय पोखराका प्रमुख कर अधिकृत शिवप्रसाद ढुङ्गानाले जानकारी दिनुभयो। सो रकम असोज मसे लक्ष्यभन्दा रु २० करोड ३० लाख २२ हजार बढी अर्थात् ११३ प्रतिशत प्रगति हो।

पोखरामा आयकरमा लक्ष्यभन्दा निकै राम्रो प्रगति हासिल भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो। यस अवधिमा आयकरतर्फ रु ७९ करोड ४४ लाख ८३ हजार सङ्कलनको लक्ष्य राखिएकोमा रु एक अर्ब आठ करोड ८३ लाख २२ हजार जम्मा भएको उहाँले जानकारी दिनुभयो। घर वहालकर र ब्याज करमा भने असुली लक्ष्यभन्दा कम राजस्व सङ्कलन भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो।

रु एक करोड ८१ लाख ९१ हजार लक्ष्य रहेको घर वहालकरमा रु एक करोड ३१ लाख ३८ हजार (७२ प्रतिशत) जम्मा भएको छ। त्यस्तै ब्याजकरतर्फ रु नौ करोड ८८ लाख ८२ हजार उठाउने लक्ष्य राखिए पनि रु चार करोड ८७ लाख १५ हजार (४९ प्रतिशत) मात्र संकलन भएको उहाँले जानकारी दिनुभयो।

मूल्य अभिवृद्धि कर (मूअकर)मा भने कार्यालयले असोजसम्मको लक्ष्य भेट्टाउन नसकेको प्रमुख कर अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो। रु ५३ करोड ३२ लाख ९९ हजार मूअकर उठाउने लक्ष्य लिइएकोमा १५ प्रतिशत कम राजस्व संकलन भयो। अन्तःशुल्क र अन्य कर संकलनमा उल्लेखनीय प्रगति भएको प्रमुख कर अधिकृत ढुङ्गानाले जानकारी दिनुभयो।

रु छ करोड १७ लाख ४५ हजार लक्ष्य रहेको अन्तःशुल्कतर्फ ४३ प्रतिशत बढी अर्थात् रु आठ करोड ८३ लाख २२ हजार संकलन भएको उहाँले बताउनुभयो। अन्य करमा रु ६१ लाख ७६ हजार लक्ष्य तोकिएकामा रु दुई करोड ३७ लाख ६ हजार जम्मा भएको छ।

नेपाल सरकारले उपलब्ध गराएका छुट सुविधा, करदाता प्रोत्साहन लगायत कार्यक्रमका कारण लक्ष्यभन्दा बढी राजस्व संकलन भएको प्रमुख कर अधिकृत ढुङ्गानाले बताउनुभयो।

घट्यो खानेपानी महसुल शुल्क

झापा। चारआली साना सहरी खानेपानी तथा सरसफाइ उपभोक्ता समितिले खानेपानीको मासिक महसुल घटाएको छ।

निम्न वर्गीय उपभोक्तालाई राहत पुऱ्याउन उक्त शुल्क कम गरिएको हो।

मेचीनगर नगरपालिकाको वडा नं ११, १२ र १३ मा शुद्ध खानेपानी उपलब्ध गराउँदै आएको संस्थाले १० हजार लिटरसम्म पानी उपयोग गर्दै आएका उपभोक्ताले अब मासिक रु १७५ मात्र तिर्नु पर्नेछ। यसअघि ती उपभोक्ताले मासिक रु २०० महसुल भुक्तानी गर्दै आएका थिए। शुद्ध खानेपानी नागरिकको आधारभूत अधिकार भएको हुँदा निम्न वर्गीय परिवारको पहुँचलाई सहज तुल्याउने उद्देश्य राखेर संस्थाले साधारणसभाबाट मासिक महसुल घटाउने प्रस्ताव पारित गरेको समितिका अध्यक्ष राजन चिमौरियाले बताउनुभयो।

उहाँका अनुसार १० हजारभन्दा माथि २० हजार लिटरसम्म खानेपानी उपयोग गर्ने उपभोक्ताले अब प्रतिहजार लिटरमा मासिक महसुल रु ३० तिर्नुपर्नेछ। यसअघि सोही मात्रामा पानी उपयोग गर्दै आएकाले रु ३२ तिर्दै आएका थिए। मासिक २० हजारदेखि ३० हजार लिटर पानी खपत गर्ने उपभोक्ताले यसअघि प्रतिहजार लिटरको रु ४२ तिर्दै आएकोमा अब रु ४० मात्र तिर्नुपर्ने भएको छ। यसैगरी, ३१ हजारदेखि अधिक पानी खपत गर्नेले प्रतिहजार लिटरको मासिक रु ६५ तिर्नु परिरहेकोमा अब रु ६० तिर्दा हुने भएको छ।

साधारणसभाबाट पारित भएको पानीको महसुल घटाउने यो प्रस्ताव यही मङ्सिर महिनादेखि लागू हुने अध्यक्ष चिमौरियाले जानकारी दिनुभयो। संस्थामा दुई हजार ७०० सदस्यहरु आबद्ध छन्।

मुख्यमन्त्री यादवले २८ गते विश्वासको मत लिने

जनकपुरधाम। मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले यही कात्तिक २८ गते प्रदेशसभामा विश्वासको मत लिनुहुने भएको छ।

प्रदेश सरकारमा सहभागी नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले विश्वासको मत लिन लागनुभएको हो।

प्रदेशसभाबाट यही कात्तिक २८ गते दिउँसो १:०० बजे विश्वासको मत लिने मुख्यमन्त्री यादवले बताउनुभयो। विश्वासको मत लिनका लागि प्रदेशसभाको बैठक बोलाउन प्रदेशसभा सचिवालयलाई पत्राचार गर्न लागिएको मुख्यमन्त्री यादवको भनाइ छ।

विश्वास प्राप्त गर्न विभिन्न राजनीतिक दलसँग संवाद जारी रहेको र विश्वासको लिनु अघिसम्म संवाद जारी राख्ने मुख्यमन्त्री यादवले बताउनुभयो।

नेपाली कांग्रेस नेतृत्वको सरकारमा सहभागी नेकपा एमालेका चार जना मन्त्रीले गत असोज २५ गते सामुहिक राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको थियो।

यस्तै सरकारमा सहभागी नेपाली कम्युनिष्ट पार्टीका चार जना मन्त्रीले यही कात्तिक २० गते राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री यादवले सरकार जोगाउन सक्रियता बढाउनु भएको छ। १०७ सदस्यीय मधेस प्रदेशसभामा सरकार गठनका लागि कम्तीमा ५४ प्रदेशसभा सदस्यको समर्थन आवश्यक पर्छ।

मधेस प्रदेशसभामा नेपाली कांग्रेसका २२, एमालेका २३, जसपा नेपालका २७, नेपाली कम्युनिष्ट पार्टीका १५ र जनमत पार्टीका १२ सदस्य छन्। त्यस्तै, सङ्घीय समाजवादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका एक-एक सदस्य छन्।

पूर्वसूचना प्रणालीलाई समुदायमैत्री बनाउनुपर्नेमा जोड

अन्ताल्या (टर्कीए)। बढ्दै गएको बहुप्रकोपको जोखिम न्यूनीकरण तथा मानवीय क्षति कम गर्न पूर्वसूचना प्रणालीलाई समावेशी, प्रभावकारी र समुदायमैत्री बनाउनुपर्नेमा सरोकार वालाले जोड दिनुभएको छ।

संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तन सम्बन्धी पक्ष राष्ट्रको ३१औँ सम्मेलन (कोप-३१) अन्तर्गत बुधबार यहाँस्थित नेपाल पेभिलियनमा आयोजित 'भोटेकोसीदेखि उत्थान शीलतासम्म: नेपालमा समावेशी बहुप्रकोप पूर्वसूचना प्रणालीको सुदृढीकरण' विषयक छलफलमा सहभागी वक्ताले पूर्वसूचना प्रणालीको पहुँच, प्रविधि, संस्थागत समन्वय र वित्तीय स्रोत व्यवस्थापनमा सुधार गर्नुपर्ने आवश्यकता औँल्याउनु भएको हो।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत डा धर्मराज उप्रेतीले पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउन सरकारले नीतिगत, संस्थागत तथा प्राविधिक तयारी अघि बढाएको जानकारी दिनुभयो।

डा उप्रेतीले हिमाली क्षेत्रमा तापक्रम, हिमनदी तथा अन्य प्राकृतिक प्रक्रियाको नियमित अनुगमन गर्न सक्ने बलियो प्रणाली आवश्यक रहेको बताउनुभयो।

ग्रामीणमुखी युवा अभियान नेपालका कार्यकारी निर्देशक लुभराज न्यौपानेले नेपालमा विपद्सम्बन्धी पूर्वसूचना प्रवाह गर्ने सरकारी संरचना रहेपनि समुदायस्तरमा सूचना पुऱ्याउने प्रणाली समावेशी र प्रभावकारी हुन नसक्केको बताउनुभयो। उहाँले गृह मन्त्रालयअन्तर्गत जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र वडा तहका समितिलाई समुदायमा विपद्सम्बन्धी सूचना प्रवाह गर्ने जिम्मेवारी भए पनि मोबाइल सन्देशमा अत्यधिक निर्भरता रहेको बताउनुभयो। कार्यक्रममा एसियन डिजास्टर प्रिपेयर्डनेस सेन्टरका कार्यकारी निर्देशक अस्लम पेरवाल्जले नेपालजस्तो भौगोलिक विविधता र उच्च विपद् जोखिम भएको मुलुकमा जलवायु अनुकूलनका लागि वित्तीय स्रोत परिचालनको नयाँ ढाँचा आवश्यक रहेको बताउनुभयो।

उहाँले फिलिपिन्सको राष्ट्रिय आर्थिक तथा विकास प्राधिकरण (नेडा) ले अघि सारेको अनुकूलन वित्त परिचालनको अवधारणाबारे जानकारी दिँदै जोखिम मूल्याङ्कन, जोखिम नक्साङ्कन र स्थानीय समुदायसँगको परामर्शमा लगानी बढाउनुपर्ने बताउनुभयो। सो अवसरमा प्राक्टिकल एक्सन बङ्गलादेशकी जलवायु तथा उत्थान-शीलता प्रमुख तमान्नाह रहमानले बङ्गलादेशमा मोबाइल फोनमार्फत आवाजमा आधारित पूर्वसूचना प्रणाली प्रभावकारी भएको अनुभव सुनाउनुभयो।

उहाँले बङ्गलादेशमा ९८ प्रतिशत जनसङ्ख्याको पहुँचमा मोबाइल फोन भए पनि स्मार्टफोन प्रयोग गर्नेको सङ्ख्या १६ प्रतिशत मात्र रहेकाले सबै समुदायसम्म सूचना पुऱ्याउन आवाजमा आधारित सन्देश प्रणाली विकास गरिएको बताउनुभयो।

भैयादुज मनाउँदै दाजुभाइको दीर्घायु र कल्याणको कामना

महोत्तरी। मिथिला क्षेत्रमा आज कात्तिक शुक्ल द्वितीयाका दिन दाजुभाइको दीर्घायु, सुख र समृद्धिको कामना गर्दै भैयादुज पर्व मनाइँदै छ।

दीपावली पर्वको अन्तिम दिन मनाइने भैयादुजसँगै यस वर्षको दीपावली पर्व सम्पन्न हुँदैछ। कात्तिक कृष्ण त्रयोदशीका दिन धनतेरसबाट सुरु भएको दीपावली पर्व तिथिको घटबढका कारण यस वर्ष छ दिनसम्म मनाइएको हो। सामान्यतया पाँच दिन मनाइने यो पर्व यस वर्ष एक दिन लम्बिएको छ। मधेस प्रदेशको महोत्तरीसहित मिथिला क्षेत्रका दिदीबहिनी बुधबार दाजुभाइको पूजनको तयारीमा छन्। यमपञ्चकको अन्तिम दिन कात्तिक शुक्ल द्वितीयामा दिदीबहिनीले दाजुभाइलाई घरमा निम्त्याएर पूजा गर्ने मैथिल परम्परा छ। मिथिलामा यस पर्वलाई भैयादुज, भरद्वितीया र भातृद्वितीया पनि भनिन्छ। विवाहित दिदीबहिनीले दाजुभाइलाई आफ्नै घरमा निम्त्याएर पर्व मनाउने चलन छ भने अविवाहित दिदीबहिनी र दाजुभाइ एउटै घरमा बस्ने भएकाले स्वनिवासमै यो पर्व मनाइन्छ।

पहाडी समुदायमा तिहार भनिने यस पर्वलाई मैथिली भाषामा दिवाली वा दीपावली भनिन्छ। उहाँका अनुसार सत्ययुगमा राजा बलिका बहिनी गङ्गा र यमुनाले दाजुको सौर्य, कल्याण र दीर्घायुको कामना गर्दै सप्तरङ्गी टीका लगाइदिएको कथासँग यस पर्वको परम्परा जोडिएको छ।

मैथिल परम्पराअनुसार भैयादुजमा दिदीबहिनीले दाजुभाइलाई निम्ता गर्छन्। निम्ता मान्न जाने दाजुभाइले नयाँ वस्त्र, आभूषण र कोसेली लिएर जाने चलन छ।

प्रत्युष नेटवर्क प्रा.लि द्वारा प्रकाशित तथा मुद्रित
कार्यालय:नीलकण्ठ न.पा-३, सुगमटोल, धादिङबेसी, कार्यालय फोन ०१०-५२१४३०, ०१०-५९०४३०
सम्पादक : रमेश अधिकारी, Email : pratyushdainik@gmail.com,Website:epratyush.com